# वर्षौंदेखी डल्फिन जोगाउँदै स्थानीय

मङ्गलबार, १५ साउन २०७५, ०७ : ३५ | योगेश रावल (/news/author/1196)

700 | Shares (https://facebook.com/sharer/sharer.php?u=https%3A%2F%2Fnagariknews.nagariknetwork.com%2Fnews%2
url=https%3A%2F%2Fnagariknews.nagariknetwork.com%2Fnews%2F53533%2F&text=%E0%A4%B5%E0%A4%B0%E0%A5%8
(https://plus.google.com/share?url=https%3A%2F%2Fnagariknews.nagariknetwork.com%2Fnews%2F53533%2


केही वर्षअघि पथरैया नदीमा एकैसाथ देखिएका चार डल्फिन। तस्बिर : योगेश/नागरिक



(http://bit.ly/AgniGroupApplicationLink)

भिडियोको लागि (https://nagariknetwork.com)

टीकापुर – कैलालीको भजनी नगरपालिकाका विप्लवराज श्रेष्ठ (२३) भारतको हैदरावादमा स्नातोकोत्तर तहमा इन्जिनियरिङ पढ्दैछन्। उनी बिदाको समयमा घर आएको बेला डल्फिन क्षेत्रमा घुम्न निस्कन्छन्। डल्फिनको अवस्थाका बारेमा बुझ्छन् र महत्वका बारेमा बुझाउँदै हिड्छन्।

उनी डल्फिन बारेका विज्ञ भने होइनन्। तर उनले सानै उमेरदेखी डल्फिनलाई चिन्ने मौका पाए। उनले डल्फिनका बारेमा धेरै कुरा जानेका छन्। उनी संरक्षणकर्मीद्वय गुलेली बाजेका नामले चिनिने भोजराज श्रेष्ठ (८५) का नाती र विजयराज श्रेष्ठ (५३) का छोरा हुन्। उनको तीन पुस्ता अहिले पनि डल्फिनको संरक्षणमा सकृय छ। शनिबार डल्फिन गणना भइरहेका बेला बाजे, छोरा र नाती मोहना र पथरैया नदीको दोभानमा भेटिए।

'हजुरबुबा र बुवाको कामबाट प्रभावित भएर नै मेरो डल्फिन संरक्षणतर्फ आकर्षण बढ्यो,' उनले भने, 'सधैंभरी सकृय हुन त सक्दैन। कहिले काँही विदाको समयमा चाँसो राख्छु।'

गुलेली बाजेले पहिलो पटक २०५६ मा डल्फिन संरक्षणको पहल थाले। उनलाई अमेरीकी नागरिकले डल्फिनको महत्वका बारेमा सुनाए पछि यस्तो पहल थालेका हुन्। त्यसअघि सीमावर्ती मोहना नदीमा भारतीयले जाल हानेर डल्फिन मार्थे। कहिले काँही स्थानीयले समेत मार्थे। माछा मार्ने क्रममा समेत थुरप्रै डल्फिन मरेका थिए। त्यसको महत्वका बारेमा कसैलाई जानकारी नै थिएन। स्थानीयले स्वाँसु, सोस लगायत भनेर चिन्थे।

गुलेली बाजेले दिनरात नभनेर डल्फिन संरक्षण अभियान थाले। स्थानीयले उनको अभियानमा साथ दिए। स्थानीयकै पहलमा बिभिन्न १४ स्थानमा डल्फिन संरक्षण केन्द्र स्थापना भएका छन्। समुदायमा ३ वटा इको क्लब र ९ वटा डल्फिन क्लब गठन गरिएका छन्। डल्फिन संरक्षणमा प्रत्यक्ष अप्रत्यक्ष गरी करिव ६० हजार स्थानीय सकृय रहेको टीकापुर नगरपालिका ढुंगानाटोलका संरक्षणकर्मी भोजराज ढुंगाना बताउँछन्।

‘स्थानीयको सकृयताले डल्फिन संरक्षण अभियान सार्थक बन्न पुगेको हो,’ उनले भने, ‘स्थानीयले वास्ता नगरेको भए डल्फिन जोगाउन सकिदैन थियो।’

डल्फिन संरक्षण अभियानमा थुप्रै युवाहरु स्वयम्सेवीका रुपमा खटेका छन्। उनीहरु आफ्नो काम छोडेर भएपनि डल्फिन संरक्षणका बारेमा जनचेतना बाँड्दै हिड्छन्। यसले समुदायका बासिन्दालाई उत्साहित बनाउने गरेको छ।

भजनी नगरपालिका–६ का हिरुलाल डगौरा डल्फिन संरक्षण केन्द्रका कोषाध्यक्ष हुन्। गुलेली बाजेले डल्फिन संरक्षणको अभियान सुरु गर्दा उनी राष्ट्रिय प्रावि पल्टुपुरमा कक्षा ४ मा अध्ययनरत थिए। गुलेली बाजे सो विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष थिए। गुलेली बाजेले संरक्षणका बारेमा दिएको अभिव्यक्तिले उनलाई यसतर्फ आकर्षित ग¥यो। उनले जागिर समेत संरक्षणकै क्षेत्रमा पाएका छन्। उनी पन्छी संरक्षण संघमा कार्यरत छन्। ‘त्यो दिनदेखी अहिलेसम्म म संरक्षण अभियानमा छुँ,’ उनले भने, ‘डल्फिन हाम्रो गहना हो। यसको संरक्षण गर्नु जिम्मेवारी हो।’

भजनी नगरपालिका–२ रजवाराका अन्तराम चौधरी पेशाले कृषक हुन्। उनी खेतीपाती गरेर जीविकोपार्जन गर्छन्। यसका अलावा उनको काम डल्फिन संरक्षणमा सकृय रहनु हो। उनी विगत १५ वर्षदेखी डल्फिन संरक्षणमा छन्। उनी चोरी सिकार नियन्त्रण दलको संयोजक समेत हुन्। उनलाई संरक्षणको नशाले छोएको छ। उनी भन्छन्, ‘म चाहेर पनि टाढिन सक्दैन, किनकी संरक्षण अभियान नशा जस्तै भैसकेको छ।’

स्थानीय धनीराम रेग्मीले डल्फिन भ्यू टावर निर्माणका लागि एक कठ्ठा जमिन निशुल्क दिएका छन्। रेग्मीले दिएको जमिनमा भ्यू टावर निर्माण गरिएको छ। जहाँबाट पथरैया र काँडा नदीको दोभानमा डल्फिन हेर्न सकिन्छ। डल्फिन संरक्षणमा स्थानीयको सकृयता झन बढ्दै गएको संरक्षणकर्मी विजयराज श्रेष्ठ बताउँछन्।

‘वृद्धभत्ता पाएको रुपैयाँ खर्च गरेर समेत समुदायका मान्छे डल्फिन संरक्षणमा लागेका छन्,’ उनले भने, ‘न हामीले दिन भनेका छौं, न रात नै भनेका छौं। हाम्रो संरक्षण यात्रा निरन्तर जारी छ।’

स्थानीयको संरक्षण अभियानले गर्दा नै डल्फिनको संख्या सन्तोषजनक ढंगले बढ्दै गएको प्रो.डा. मुकेश चालिसेले बताए। उनले डल्फिन संरक्षणमा स्थानीयको भूमिका निकै महत्वपूर्ण रहेको बताए। ‘यसमा राज्यको कुनै लगानी छैन। यो पूर्ण रुपमा स्थानीयले संरक्षण गरेको डल्फिन हो,’ उनले भने, ‘अब आगामी दिनमा भने राज्यले अभिभावकत्व लिनुपर्छ।’

उनले विगत तीन वर्षदेखी डल्फिन गणना गर्दै आएका छन्। यसअघि २०७२ र २०७४ मा गणना गरेका थिए। यो वर्ष ४७ वटा डल्फिन भेटिएका छन्। जसमध्ये १२ वटा बच्चा रहेको बताइएको छ। सबैभन्दा धेरै मोहना र पथरैया नदीको दोभानमा ७ वटा देखिएको चालिसेले जानकारी दिए। एकै पटक ३७ स्थानमा गणना गरिएको थियो। उनले जसमध्ये १३ स्थानमा डल्फिन नदेखिएको बताए।

‘पानीको सतह अझै बढेको छैन। डल्फिनका लागि करिव २ मिटर पानीको सहत चाहिन्छ’ उनले भने, ‘पानी कम भएकाले पनि डल्फिन कम देखिएको हो।’

मोहना, पथरैया, काँडा नदीहरुमा असारदेखी असोज महिनासम्म डल्फिन देख्न सकिन्छ। अन्य महिनामा डल्फिन नजिकैको कर्णाली नदीतर्फ लाग्छन्। कर्णालीमा पानीको सतह निकै धेरै भएकाले उति सारो डल्फिन देख्न सकिदैन। यहाँ ग्याँगेटिक जातको डल्फिन पाइन्छ। यो जातको डल्फिन नेपालका साथै भारत, पाकिस्तान र बंगलादेशमा मात्रै पाइन्छ। यो माशांहारी प्राणी हो। यसले मुख्य आहारका रुपमा माछा, घोँगी लगायत खान्छ। यसले बच्चा जन्माउँछ। वर्षमा एक वा एकै पटक दुई वटा सम्म बच्चा जन्माउने गरेको अनुसन्धानले देखाएको छ।

(https://www.facebook.com/SomersbyNepal)

(http://www.laxmihyundai.com/grand-i10)

(http://zentravels.com/)

()

## यसमा तपाईको मत

## सम्बन्धित समाचार

पाँच वर्षमा १२५ को मृत्यु, ४३२ घाइते (/news/53717/)

एक सातामा भारतबाट ७१ महिलाको उद्धार (/news/53714/)

एक सातामा भारतबाट ७१ महिलाको उद्धार (/news/53714/)

आठ निजी कलेजको सम्बन्धन खारेज (/news/53712/)

लहान नगरमा थुप्रियो फोहोरको डंगुर (/news/53711/)

बालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा वृद्ध पक्राउ (/news/53692/)

बालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा वृद्ध पक्राउ (/news/53692/)

छुवाछुत गरेको आरोपमा एक पक्राउ (/news/53691/)

छुवाछुत गरेको आरोपमा एक पक्राउ (/news/53691/)

(http://www.imeremit.com.np/)

()

(http://facebook.com/waiwaicitynepal)

()

| प्रचलित | मेरो रुचि | सिफारिस |
|---|---|---|

'दिनको दुई घण्टा घाम नलाग्ने ठाउँमा फिल्म सिटी बन्छ ?' : प्रधानमन्त्री ओली (/news/53245/)

(/news/53245/)

९ बुँदे सहमतिबाट पछि हट्यो सरकार, हस्ताक्षर गर्न मानेन् (अपडेट) (/news/53151/)

(/news/53151/)

हामी जनताका सेवक : प्रधानमन्त्री ओली (/news/53137/)

(/news/53137/)

काठमाडौंमा १० वर्षसम्म मेडिकल कलेज खोल्न नदिने सहमति, डा केसीले अनशन तोडे (/news/53169/)

(/news/53169/)

इलाममा सिटी मार्ट बन्दै (/news/53120/)

(/news/53120/)

पशुपन्छीलाई निर्दयी तरिकाबाट ढुवानी गरिएको भन्दै सर्वोच्चमा रिट (/news/53401/)

(/news/53401/)

NagarikNews
2,054,731 likes

Like Page

Use App

Be the first of your friends to like this

**NagarikNews**
6 minutes ago

युवाको उपयोग खै?
https://nagariknews.nagariknetwork.com/news/53719/

युवाको उपयोग खै?

()

# छुटाउनु भयो कि?

यसकारण जायज छन् डा. केसीका माग (/news/51650/)

अब भत्किएका बाटा काठमाडौंमा देखिँदैन् : प्रम ओली (/news/51465/)

नाफाको जिन्दगीमा घाटाको व्यापार (/news/52183/)

विदेशी नम्बरबाट आएको अज्ञात फोन नउठाउनुस् : नेपाल टेलिकम (/news/52107/)

प्रधानमन्त्री असन्तुष्ट, अनुसन्धान स्थगित (/news/52342/)

लालबाबुजी, को भूतपूर्व, को अभूतपूर्व नेपाली? (/news/52607/)

डा.केसीका मागलाई वाम सरकारले ग्रहण नगरि लाजमर्दो काम गर्यो: वाम विश्लेषक श्याम श्रेष्ठ (/news/52431/)

महेन्द्र राजमार्गलाई ४ लेनको बनाउने योजना अघि बढ्यो, कति समय लाग्छ ? (/news/52790/)

# अन्य समाचार



(https://nagariknews.nagariknetwork.com/news/42454)

## घरमा मोर्डन लाइटिंग (https://nagariknews.nagariknetwork.com/news/42454)

सही लाइटिंगको प्रयोगबाट घरलाई मोडर्न र नयाँ रुप दिन सकिन्छ । लाइटिंग मिलेको घर हेर्दामा साह्रै राम्रा हुन्छन । ...




(https://nagariknews.nagariknetwork.com/news/42449)

## वाशिंग मेसिन खरिद गाइड (https://nagariknews.nagariknetwork.com/news/42449)

वाशिंग मेसिन खरिद गर्दा ख्याल गर्नुपर्ने थुप्रै कुराहरु हुन्छन् | यस गाइड मार्फत तपाईले आफ्नो परिवारको लागि कस्तो फ्रिज खरिद...



(https://nagariknews.nagariknetwork.com/news/42434)

### घरेलु उपकरण सम्बन्धि सुरक्षा टिप्स (https://nagariknews.nagariknetwork.com/news/42434)

घरेलु उपकरण सुरक्षित शैलीमा प्रयोग नगर्नाले ठूला ठूला दुर्घटना हुन सक्छ। यी सुझावहरु पालाना गर्नाले यस्तो दुर्घटना न्यून हुन्छ ।



(https://nagariknews.nagariknetwork.com/news/42432)

फ्रिजको हेरचाह कसरी गर्ने? (https://nagariknews.nagariknetwork.com/news/42432)

फ्रिजको औसत आयु १३ वर्ष मानिन्छ | तर यी कुराहरु ध्यानमा राखेर फ्रिजलाई कथित औसत आयुभन्दा धेरै समयसम्म प्रयोग गर्न...

‘भारत’ छोडेकी प्रियंका हलिउड फिल्ममा अनुबन्ध (/news/53675/)

सलमान खानको फिल्म ‘भारत’बाट हात झिकेकी प्रियंका चोपडा हलिउड फिल्ममा अनुबन्ध भएकी छिन्। कमिक बुकमा आधारित फिल्म ‘काउब्वाई निन्जा वाइकिङ्ग’मा...

अभिषेक र ऐश्वर्या ८ वर्षपछि फिल्ममा जोडी बाध्दै (/news/53670/)

अभिषेक बच्चन र ऐश्वर्या रायको जोडी ८ वर्षपछि फिल्मी पर्दामा देखिने भएको छ। रियल लाइफमै दम्पत्ती रहेको यो जोडी ८...

साझाका शर्मा अर्को विवादमा (/news/53616/)

भ्रष्टाचार आरोपमा बर्खास्त भएर पनि फेरि पुनस्थापित भएका साझा प्रकाशनका महाप्रबन्धक डाेलिन्द्र प्रसाद शर्मा नयाँ विवादमा फसेका छन् । शर्माको...

## रंगोली सिर्जनाका आधुनिक आयाम (/news/53615/)

रंगोली चित्रले भारतीय समाजको सिंगो संस्कृति बोकेको हुन्छ । गणेश चतुदर्शी होस् वा दिपावली रंगोली चित्र ढोकादेखि घरभित्र सजिएकै हुन्छ...




nagariknews () Copyright 2016 Nepal Republic Media Pvt. Ltd. | All rights reserved.